Damak Campus Journal 2023, **11 (1): 143-150**
ISSN : 2565-4772 (Print)

# लौकिक संस्कृतमा भाषिक चिन्तनको परम्परा

***अञ्चला सुवेदी***

*विद्यावारिधी शोधकर्ता, त्रिभूवन विश्वविद्यालय*
*कीर्तिपुर, काठमाडौँ*
E-mail: anchusubedi7777@gmail.com

## लेखसार

मानव सभ्यताको विकाससँगै भाषाको विकास भएको थियो । भाषिक अध्ययनको पूर्वीय परम्परा संस्कृतबाट भएको पाइन्छ । पाश्चात्य जगत्मा पनि विभिन्न भाषाहरूसँग नजिक रहेर भाषिक चिन्तन गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा लौकिक संस्कृत भाषिक चिन्तन सम्बन्धी के कस्ता काम भएका छन् र कति कार्य भएका छैनन् भनी खोज गर्नु नै समस्याको रूपमा लिइएको छ भने लौकिक संस्कृतको भाषिक चिन्तन परम्पराको विश्लेषण गर्नु, उक्त अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययन गुणात्मक अनुसन्धान ढाँचाम प्रस्तुत गरिएको छ। यस अनुसन्धानमा विभिन्न पुस्तक, ग्रन्थ, लेख आदिलाई अध्ययनमा सूचना सङ्कलनको आधार बनाइएको छ । यस अनुसन्धानमा सूचनाहरू पूर्ण रुपमा द्वितीय स्रोतबाट लिइएको छ । प्राप्त सूचनालाई व्याख्या तथा विश्लेषणात्मक ढंगबाट प्रस्तुत गरिएको छ । पाणिनि युग र उत्तर पाणिनि युगमा विकसित भएका भाषिक चिन्तनको प्रभाव प्राकृत भाषामा समेत परेको देखिन्छ । पूर्वमा संस्कृत भाषा तथा पश्चिममा ल्याटिन, ग्रीक जस्ता भाषामा गरिएको भाषिक चिन्तनले आधुनिक भाषा विज्ञान र व्याकरणको क्षेत्रमा फराकिलो दायरा बनाएको पाइन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** लौकिक संस्कृत, वार्तिक, पाणिनि, भाषिक चिन्तन

## विषय प्रवेश

भाषा मानव समुदायका अनुभव र अनुभूतिहरूको सम्प्रेषण गर्ने महत्त्वपूर्ण साधन हो । यसलाई मानव मात्रको विशिष्ट सम्पदाको रूपमा मानिन्छ । भाषामा समय, समाज, र सभ्यताका सम्पूर्ण कुरा हस्तान्तरण गर्ने सामर्थ्य हुन्छ । भाषामा भएको अन्तरनिहित सामर्थ्यका कारण भाषालाई व्यवस्थित बनाउन अनेक चिन्तन र प्रयासहरू भएका छन् । पूर्वीय तथा पाश्चात्य मनीषीहरूले अथक् प्रयास गरेका छन् र धेरै ठूलो योगदान पुऱ्याएका छन् । भाषाका ध्वनि , वर्ण, रूप, वाक्य, अर्थ जस्ता भाषिक पक्षमा वैज्ञानिक अध्ययन र चिन्तन गरी सैद्धान्तिक क्षेत्रमा योगदान पुऱ्याएका छन् । यसका साथै भाषाका आएका कालक्रमिक अध्ययन, समकालीन अध्ययन, भाषान्तरिक अध्ययन तथा अन्तरभाषिक अध्ययन भएका छन् (वास्तोला, २०७६) । मानव सभ्यताको विकाससँगै भाषाको विकास भएको भए पनि भाषिक चिन्तन भने धेरै पछिबाट सुरूभएको मानिन्छ । पूर्वीय भाषिक चिन्तन परम्पराको प्रतिनिधित्त्व संस्कृत भाषाले गर्दछ । संस्कृत भाषा पूर्वीय जगत्को मात्र नभई संसारकै सर्वप्रचीन भाषिक चिन्तन परम्परा पनि हो । पूर्वीय जगतमा देवी, देवता, धर्म आदिका विश्वासले प्रभुत्त्व जमाएको थियो । त्यही मान्यता र विश्वासका आधारमा संस्कृत भाषालाई देवभाषा, देववाणी अथवा सुरभारती भनिएको पाइन्छ ।

पूर्वमा संस्कृत भाषिक चिन्तन ई. पू. १५०० वर्ष बाट नै आधिकारिक रूपमा वेदहरूको विभिन्न अध्यायहरू मध्ये शिक्षा, कल्प, ज्योतिष, निरुक्त, छन्द र व्याकरणमा अध्ययन भएको पाइन्छ । कतिपय

विद्वान्हरू ऋग्वेदको ई.पू. १५०० वर्ष भन्दा पहिले भएको पाइन्छ ( न्यौपाने र पराजुली, २०६९) । त्यो समयक्रममा पाणिनिपूर्वका अध्येताहरूले व्यवस्थित व्याकरणको अध्ययनमा जोड दिए पनि व्याकरणको सारपूर्ण रूपले अध्ययन गर्न सकेका थिएनन् । ई.पू. ५०० शताब्दीमा जब पाणिनिको उदय भयो त्यसपछि संस्कृत व्याकरणको उचाइ व्यवस्थित रूपमा माथि उठ्यो । त्यसैको आधारमा रहेर ई.पू. ४५० तिर कात्यायन तथा ई. पू. तेस्रो शताब्दीमा पतञ्जलिले पूर्वीय भाषिक परम्परामा महत्त्वपूर्ण भूमिका खेलेका देखिन्छ (चालिसे,२०५७) । पूर्वमा पाणिनि, कात्यायन तथा पतञ्जलिले संस्कृत भाषिक चिन्तनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । पाश्चात्य जगत्मा पनि ग्रीसेलीहरूले फिलोसोफियाको रूपमा दर्शन र व्याकरणलाई हेर्ने काम गरेका छन् । संस्कृतमा भाषिक चिन्तनको परम्परा वैदिक परम्परा पछि लौकिक परम्पराको सुरुवात भएको पाइन्छ (भुसाल, २०७०, पृ.३००) । यस परम्परामा पाणिनि, कात्यायन र पतञ्जलि प्रमुख चिन्तकको रूपमा देखापरेका छन् । यी मध्ये पाणिनिको स्थान अग्रणी रहेको छ । पाणिनि पूर्वीय जगतको मात्र नभई जगत्का नै प्रथम वैयाकरण हुन् । यिनले गरेको सबभन्दा महत्त्वपूर्ण कार्य नै समकालिक भाषिक अध्ययन हो । अधिकाशं विद्वानहरूले पाणिनिको समयावधि इशा पूर्व ७०० देखि ४०० सम्मलाई मानेका छन् । तथापि यिनको समयकमा पनि मतभेद् भने कायम नै रहेको पाइन्छ । पाणिनिद्वारा रचित ‘अष्टाध्यायी’ ग्रन्थलाई संसारको प्राचीनतम् ग्रन्थको रूपमा लिइएको छ । जसमा आठ अध्याय र प्रत्येक अध्ययामा चार पाउ तथा ३९९५ सूत्र छन् । यस ग्रन्थमा पद सङ्कलन (१-२ अध्यायमा), प्रकृति प्रत्यय विश्लेषण (३-५ अध्यायमा ),र पद निर्माण (६-८ अध्याय) गरी तीन भागमा विभाजन गरिएको देखिन्छ । यसरी लौकिक संस्कृतको भाषिक चिन्तनमा त्रिमुनि विद्वानहरूको ठूलो योगदान रहेको पाइन्छ ।

मानव सभ्यताको अभ्युदयसँगै भाषाको बारेमा चिन्तनमनन सुरू भएको पाइन्छ । इस्वी सम्वत् प्रारम्भ हुनुभन्दा धेरै पहिलेदेखि नै पूर्व र पश्चिममा भाषाचिन्तकहरूद्वारा भाषिक चिन्तनको थालनी भएको पाइन्छ । भाषिक अध्ययनको पूर्वीय परम्परा मूलतः संस्कृतकेन्द्री परम्पराका रूपमा देखापरेको छ । यस समयमा वैदिक संहिता आरण्यक र उपनिषद्मा भाषा सम्बन्धी चिन्तनको विकास भएको देखिन्छ । वस्तुतः ऋग्वेदमा प्रयोग गरिएको एउटा मूल मन्त्र ‘चत्वारि वाक्’ बाट भाषिक चिन्तनको आरम्भ भएको मानिन्छ । पाश्चात्य भाषिक चिन्तनको परम्परा भने ग्रीकबाट सुरू भएको मानिन्छ । ग्रीसलाई युरोपेली सभ्यता, संस्कृति ज्ञान तथा भाषाशास्त्रीय चिन्तनको मूलभूमिका रूपमा लिने गरिन्छ । ग्रीसेलीहरूले भाषिक चिन्तनलाई दर्शन एवम् तत्त्वज्ञानका रूपमा ग्रहण गरेको पाइन्छ । यस जगत्का प्रथम चिन्तकका रूपमा सुकरातले (४६९-३९९ई.पू.) तर्कशास्त्रको अध्ययनको क्रममा शब्द र अर्थका सम्बन्धबारे चर्चा गर्दै तिनीहरू बीच रूढ सम्बन्ध रहने धारणा प्रस्तुत गरेका थिए । त्यसरी नै पाश्चात्य परम्परामा पनि विभिन्न विद्वान्हरूले भाषासम्बन्धी भाषिक चिन्तन गरेका पाइन्छ । भाषा सम्बन्धी ‘चत्वारि वाक्’ लाई निरुक्तकारले ‘ॐ’,‘भूः’, ‘भुवः’, ‘स्वः’का रूपमा पतञ्जलिले ‘नाम’, ‘आख्यात’ ‘उपसर्ग’ र ‘निपात’ का रूपमा भर्तृहरि, नागेशलगायतका विद्वानहरूले ‘परा’, ‘पश्यन्ती’ ‘मध्यमा’ र ‘बैखरी’ का रूपमा चर्चा गरेका छन् । वेदका छ अङ्ग शिक्षा, कल्प, व्याकरण निरुक्त, ज्योतिष र छन्द मध्ये व्याकरणको सम्बन्ध भाषासँग रहेको छ (भुसाल २०७०, पृ.पृ. २९९-३०१) ।

## समस्या कथन

मानव सभ्यताको विकाससँगै भाषाको विकास भएको पाइन्छ । भाषिक अध्ययनको पूर्वीय परम्परा संस्कृतबाट भएको पाइन्छ । । भाषामा समय, समाज, र सभ्यताका सम्पूर्ण कुरा हस्तान्तरण गर्ने सामर्थ्य हुन्छ । भाषामा भएको अन्तरनिहित सामर्थ्यका कारण भाषालाई व्यवस्थित बनाउन अनेक चिन्तन र

प्रयासहरू भएका छन् । पूर्वीय तथा पाश्चात्य मनिषिहरूले अथक् प्रयास गरेका छन् र धेरै ठूलो योगदान पुऱ्याएका छन् । प्रस्तुत अध्ययनमा लौकिक संस्कृत भाषिक चिन्तन सम्बन्धी के कस्ता काम भएका छन् ? के कति कार्य अपुरा भएका छन् ? भनी खोजी गर्नु नै यस विषयको समस्याको रूपमा लिइएको छ ।

## अध्ययनको उद्देश्य

लौकिक संस्कृतको भाषिक चिन्तन परम्पराको विश्लेषण गर्नु,

## पूर्वकार्यको पुनरावलोकन

Frawley (1992) लेख्छन् ऋग्वेद संस्कृत भाषाको सबैभन्दा पुरानो पुस्तक हो । यो संसारको सबैभन्दा पुरानो लगातार प्रयोग गर्ने भाषा हो । जसमा सबैभन्दा ठूलो साहित्य रहेको छ । यो विशेष गरी आध्यात्मिक भाषा हो । यो भाषा सबै भन्दा बढी वैज्ञानिक भाषा हो । यो व्युत्पतिको अनुरूप हो । आधुनिक भाषाको विकास नै संस्कृत भाषाको अध्ययनबाट भएको हो । यसको भाषाको अन्वेषण र खोज गर्नको लागि सहयोग पुऱ्याउने छ ।

आचार्य (२०७२), द्वारा पुस्तकमा पनि विभिनन समयमा लेखिएका भाषा र भाषा सम्बन्धी विभिन्न चिन्तन वैदिक सुक्तहरूमा पाइन्छन् भन्ने कुराको चर्चा गरिएको छ । उक्त सुक्तहरूको व्युत्पतिको चर्चा गरेको देखिन्छ । उक्त पुस्तकले भाषिक चिन्तनमा विभिन्न शब्दहरूको बनोट प्रक्रिया र वाक्यहरूको निर्माण प्रक्रियालाई सुव्यवस्थि गर्न यस अध्ययनीय विषयमा सहयोग पुऱ्याउने छ ।

बन्धु (२०७८), द्वारा पुस्तकमा विभिन्न समयमा लेखिएका आधुनिक भाषासम्बन्धी विभिन्न भाषिक सम्प्रदाय, सिद्धान्त र पद्धतिबारेका लेखहरू सङ्कलित गरी प्रकासन गरिएको छ । उक्त पुस्तकमा अमेरिकाली संरचनााद देखि लिएर व्याकरण सम्बन्धी विभिन्न पूर्वीय, पाश्चात्य, संस्कृत र अन्य विद्यालाई पनि समेटेर तयार पारिएको छ । उक्त पुस्तकमा संस्कृत व्याकरणको परम्परापरा अन्तर्गत वैदिक संस्कृतमा भाषिक चिन्तन, लौकिक संस्कृतमा भाषिक चिन्तन, पूर्व पाणिनि युग, पाणिनि युग, उत्तर पाणिनि युगको चर्चा गरिएको छ । उक्त पुस्ककमा संस्कृत व्याकरणको अन्य सम्प्रदायहरू, पालि, प्राकृत र अपभ्रंश व्याकरण ग्रन्थहरू, संस्कृत व्याकरणका अन्य क्षेत्रसँग भाषिक चिन्तनको पनि चर्चा गरिएको छ । उक्त पुस्तकले अध्ययनीय आधार पहिचानका लागि नयाँ कुरा खोज्न सहयोग पुऱ्याउँछ ।

चौलागाई (२०७९), द्वारा लिखित पुस्तकमा भाषा सम्बन्धी व्याकरणकाकारका सैद्धान्तिक अवधारणा र विश्लेषण पद्धतिका साथै भाषा व्याकरणको पाश्चात्य चिन्तन परम्परा र विभिन्न समयक्रमा विकसित भाषिक सम्प्रदायका विश्लेषण पद्धति, प्रक्रिया र प्राप्तिको सूक्ष्म रूपमा पर्यवेक्षण गरी सारस+क्षेप प्रस्तुत गर्ने विशिष्ट प्राज्ञिक अनुभवको आधारमा उक्त पुस्तक आएको छ । उक्त पुस्तकमा पूर्वीय र पाश्चात्य भाषाव्याकरणको ऐतिहासिक परम्परा र सम्प्रदायगत मान्यताको विश्लेषण गरिएको छ । उक्त पुस्तकले वैदिक संस्कृत र लौकिक संस्कृतका वारेमा पनि चर्चा गरिएकोले गर्दा उक्त पुस्तकले अध्ययनीय क्षेत्रको सैद्धान्तिक पक्षको धारणा निर्माणमा सहयोग पुऱ्याउने छ ।

## अध्ययन विधि

यस अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ । यस अनुसन्धानमा विभिन्न पुस्तक, ग्रन्थ, लेख आदिलाई अध्ययनमा सूचना सङ्कलनको आधार बनाइएको छ । यस अनुसन्धानमा सूचनाहरू पूर्ण रुपमा द्वितीय स्रोतबाट लिइएको छ । प्राप्त सूचनालाई व्याख्या तथा विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरी निष्कर्षमा पुगिएको छ ।

## परिणाम तथा छलफल

### लौकिक संस्कृतमा भाषिक चिन्तनको आरम्भ

लौकिक संस्कृतमा भाषिक चिन्तनको आरम्भ संस्कृत वाङ्मयको विशाल शब्द भण्डारबाट नै भएको भन्न सकिन्छ । संस्कृत वाङ्मयको परवर्ती युगमा पाणिनिको उदय भएपछि पणिनिको व्याकरणको योगदानबाट नै संस्कृत भाषाको मानक रूप स्थापित भए पछि संस्कृत भाषिक चिन्तनको विकास र विस्तार भएको पाइन्छ (बन्धु,२०७०, पृ.१३) । यसै क्रममा व्याकरणका साथै दर्शन, न्याय, मीमांसा, साहित्यशास्त्र, आदि विभिन्न क्षेत्रमा भाषिक चिन्तनको विस्तार भएको पाइन्छ । भाषिक चिन्तनको कुरा गर्दा व्याकरणको क्षेत्र विशेष रूपमा उल्लेख्य रहयो । पूर्वीय संस्कृतमा भाषिक परम्पराको लौकिक काल भनेर महाभारत र रामायण रचनाकाल भन्दा पछिको समयलाई मानिन्छ । यिनै कृतिहरूले वैदिक युगको अन्त्य गर्दै लौकिक युगको आरम्भ गरेको पाइन्छ । वैदिक वा शास्त्रीय संस्कृतको परवर्ती युगमा पाणिनिभन्दा पूर्व महान चिन्तकहरूको योगदान पनि उत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ । खास गरी यास्का र पाणिनीका बीचको समयअवधिदेखि लौकिक भाषिक चिन्तनको सुरू हुन थालेको मान्यता भेटिन्छ (न्यौपाने र घिमिरे, २०७०,पृ.१९) । लौकिक युगमा व्याकरणका अतिरिक्त दर्शन, न्याय, मीमांस साहित्यक्षेत्र आदिको विकास भएको पाइन्छ । लौकिक युगमा पाणिनिको महान वैयाकरण नै मानवमेधाको महानतम् स्मारकमा एक मानिन्छ । आजसम्म कुनै पनि भाषामा यतिपूर्ण रूपमा व्याकरण बनेको छैन भनी पाणिनिको व्याकरणका संम्बन्धमा पाश्चात्य भाषाविद् ब्लुमफिल्डले गरेको टिप्पणीले लौकिक वाङ्मयमा भएको विकसित समृद्ध भाषिक चिन्तन परम्परालाई चिनाउँछ । पाणिनि कात्यायन र पतञ्जलिलाई संस्कृत व्याकरणका त्रिमुनि भनिन्छ (बन्धु, २०७०, पृ.१३) । यी तीन मुनिहरूलाई आधार बनाएर लौकिक संस्कृतको भाषिक चिन्तन परम्परालाई पूर्व पाणिनि युग, पाणिनि युग र उत्तर पाणिनि युग गरि तीन चरणमा रहेर चर्चा गरिएको छ ।

### पूर्व पाणिनि युगमा भाषिक चिन्तन

यास्कपछि र पाणिनिभन्दा अघिको समय नै पूर्व पाणिनि युग हो (बन्धु, २०७०, प. १४) यस युगमा एकातिर वैदिक भाषाको अध्ययनको परम्परा पनि जीवित नै थियो भने अर्कातिर लौकिक भाषाको भाषाको अध्ययनको काम प्रारम्भ भएको थियो । यस युगमा विभिन्न भाषिक सम्प्रदायहरू देखा परेका देखिन्छन् । यस समयको भाषिक चिन्तनको क्रममा ऐन्द्र सम्प्रदायको उल्लेख गरेको पाइन्छ । देवताहरूले स्वर्गका राजा ईन्द्रलाई शब्द र अर्थको बोध सजिलो किसिमले गराउने व्यवस्था मिलाउन अनुरोध गर्दा ईन्द्रले प्रकृति र प्रत्यको विभाजन गरी शब्दकोशको प्रक्रिया सुरू गरेका थिए भन्ने आधारमा संस्कृत व्याकरण परम्परा सुरू भएको पाइन्छ ।

अष्टाध्यायीमा पाणिनि स्वयम्ले पनि आफू पूर्व १० वैयाकरणहरूका नाम अष्टाध्यायीमा उल्लेख गरेका छन् । आपिशाली, शाकटायन, गार्ग्य,काश्यप, गालाव, चक्रवर्मन, भारद्वाज, शाकल्य सेनक, स्फोटायन आदिले व्याकरणको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका देखिन्छ (रिसाल,२०७५) । त्यो बेला शाकटायनले समस्त प्रतिपादित धातुबाट व्युत्पन्न शब्दको जन्म भएको कुरालाई अघि सारेको पाइन्छ । शाकल्यले ऋग्वेदका पदपठन रचना गरेका छन् । गार्ग्यलाई यास्कले शब्दमूलवादी आचार्यका रूपमा र उपसर्ग अर्थका स्रोत मात्र नभई अर्थका प्रकाशक पनि हुन भन्ने कुराको चर्चा गरेका छन् (आचार्य, २०७२, पृ. ३४) । उनले अष्टाध्यायीका दुई सुत्रमा काश्यपका मत उल्लेख गरेका छन् ।

तसर्थ पाणिनि पूर्व भाषिक ध्वनिको उच्चारण, प्रक्रिया र तिनमा देखापरेको भिन्नताको निरूपण र प्रकृति र प्रत्ययको रूपमा शब्दको विश्लेषण, भाषिक विश्लेषण, शैलीको प्रारम्भ र शब्दार्थको स्फोटक सम्बन्धका आधारमा रहेर भाषिक चिन्तन सुरू भएको पाइन्छ ।

## पाणिनि युग

पाणिनिको समयमा विद्वानहरूको मतैक्य पाइदैंन् । यिनको जन्म ई.पू. पाँचौ शताव्दीतिर भारत वर्षको शालातुर (अहिले पाकिस्तानको लाहोर) मा भएको हो । पिता शलङ्क र माता दाक्षीका छोरा यिनको पहिलेको नाम अहिक हो तर गोत्रका आधारमा पाणिनि नाम रहेको हो भन्ने प्रसिद्धि छ । यिनको आमाको नाम दाक्षी भएकाले गर्दा नै यिनलाई दाक्षी पुत्र भनिएको हो (बन्धु,२०७०,पृ.१४) । यो युगका केन्द्र नै पाणिनि हुन् । उनले लौकिक संस्कृतलाई आधार मानेर नै अष्टाध्यायीको रचना गरेका थिए ( श्रेष्ठ, २०६५, पृ.१९) । त्यहीँ व्याकरणबाट नै लौकिक भाषाले स्थिरता प्राप्त गरेको पाइन्छ । उनले रचना गरेको यो व्याकरण निकै लोकप्रिय रहेको छ । यस व्याकरणमा वैदिक र लौकिक संस्कृतका शुद्धिगत नियमहरूलाई स्पष्ट र उदाहरणसहित प्रस्तुत गरिएको पाइन्छ (शर्मा, २०६३, पृ. ५५) । यसैको आधारमा नै रचना गरिएको लघु कौमुदी, सिद्धान्त कौमुदी आजसम्म पठनपाठन गरिदै आएको छ । यस ग्रन्थमा लौकिक संस्कृतका प्रचलित नियमलाई सङ्क्षिप्त रूपमा प्रयोग गरिएको पाइन्छ । यस व्याकरण ग्रन्थमा ३९९५सूत्र रहेका छन् । अष्टाध्यायीका सूत्र बीजगणित सूत्र जस्तै सङ्क्षिप्त र सारगर्भित छन् । पाणिनिको अष्टाध्यायीमा अध्याहार, अनुवृत्ति, अधिकार र अन्तरालम्बनसम्बन्धी धारणा पाइन्छ । यिनका अन्य कृतिहरूमा शिवसूत्र, प्रत्याहार सूत्र, धातुपाठ, गणपाठ, उणादि सूत्र फिट सूत्र आदि रहेका छन् । पाणिनि युगलाई त्रिमुनि युग पनि भनिन्छ । यस युगमा पाणिनिको आधार मानी विभिन्न विद्वान दार्शनिकहरूले विभिन्न किसिमको व्याकरण परम्परालाई अगाडि बढाएको पाइन्छ । पाणिनिपछि कात्यान, पतञ्जलिलाई प्रमुख रूपमा लिन सकिन्छ (रिसाल, २०७०) ।

## कात्यायनको भाषिक चिन्तन

सुप्रसिद्ध महामन्त्र गायत्रीका रचयिता ऋषि विश्वमित्रका वंशज यजुर्वेदका रचयिता विद्वान ऋषि याज्ञल्वका छोरा र कात्यायनि भगवतीका पिता ऋषि कात्यायन हुन् । उनको शारीरिक अवस्था कप्रो भएकाले उनलाई प्रकुद्ध र वरुचि पनि भनिएको पाइन्छ । कात्यायन ऋषिले पञ्चमहाभूत अर्थात तत्त्व - पृथ्वी, जल,वायु, आकाश,र तजमा तिनवटा अरू तत्त्व- सुख दुःख र जीव थपेर आठ तत्त्व मानेका थिए । उनले शिव पुत्र कुमारबाट व्याकरण सिकेका थिए भने पाणिनिको व्याकरणलाई व्याख्या र सरलिकरण गरेर सबैले बुझ्न सक्ने बनाएका थिए । उनले रेखा गणितमा चतुर्भुज हुन्छ भनी पत्ता लगाउने पहिलो व्यक्ति थिए । उनको अध्ययन र त्यसबाट प्राप्त निष्कर्ष अनुसार पदार्थलाई न कसैले उत्पन्न गर्न सक्छ त न नष्ट नै गर्न सक्छ । उनका अनुसार सनातनी विदन र ऋषि मुनिहरूबाट चरम रूपमा तिरष्कृत चार्वाक दर्शन अर्थात लोकायत दर्शन जसलाई नास्तिक दर्शन पनि भनिन्छ । यिनी शुल्कयजुर्वेदका अंगिर सायनका कात्यायन साखाका जन्मदाता पनि हुन्( आचार्य,२०७७) ।

पाणिनीय युगका पाणिनि पछिका वैयाकरण कात्यायन हुन् । यिनको समय ई. पू. ४५०-३५० मानिन्छ । कात्यायनका भाषिक चिन्तनसँग सम्बद्ध मूख्य कृति कात्यायनी शिक्षा, कात्यायन प्रतिशाख्य र वार्तिक ग्रन्थ हुन् (चौलागाई, २०७९, पृ.५०) । उनले अष्टाध्यायी सूत्रमा देखिएका अपवादको निराकरणका लागि वार्तिक ग्रन्थ लेखेकाले उनी पाणिनिकै अनुयायी भन्ने स्पष्ट हुन्छ । कात्यान प्रसिद्ध वार्तिककार हुन् । यिनी ऐन्द्र सम्प्रदायका वैयाकरण मानिन्छन् । उनले पणिनिको अष्टाध्यायीका आधारमा वार्तिक रचना गरेका

पाइन्छ । वार्तिक भनेको सूत्रको प्रयोजन, सन्देह, निर्णय, विशेष व्याख्या, गुरु, लघु विचार,कुनै अंशको त्याग कुनै अंशको थप मध्ये एक हो (आचार्य, २०७२, पृ.४०) । कात्यायनको वार्तिक ग्रन्थले अष्टाध्यायीको सूत्रलाई अझ सूक्ष्म रूपमा केलाई तिनमा रहेका कमिकमजोरीलाई समाधान गर्ने कार्य गरेको छ । जस्तै ऋ र लृ वर्णको परम्परा संवर्ण होस (**ऋलृवर्णयोर्मिथ :सावर्ण्य वाच्यम्**) । यो वार्तिक अष्टाध्यायी (१/१/१ )को सूत्र **'तुल्यास्यप्रयत्नं** सवर्णम् को थप व्याख्या गर्ने प्रसङ्गमा आएको हो । पाणिनिका अनुसार उच्चारण स्थान र प्रयत्न मिल्ने कुनै दुई वर्णको परस्परमा  संवर्ण संज्ञा हुन्छ । 'ऋ' 'लृ' वर्णको उच्चारण स्थान फरक फरक भएकाले सूत्र अनुसार यिनको परस्परमा संवर्ण हुदैंन त्यसैले कात्यायनले वार्तिक लेखेर यी दुई वर्णका विच संवर्ण संज्ञा हुने नियम प्रतिपादन गरी बनाएका पाइन्छ । अष्टाध्यायीका सूत्रमा उच्चारण स्थान र प्रयत्न एउटै हुने वर्णका  बिचमा संवर्ण संज्ञा हुन्छ भनिएका कारण ऋ र लृ वर्णको उच्चारण स्थान  फरक फरक भएकाले संवर्णेत्तर  वर्णमा परेको देखिन्छ । तिनीहरूको संवर्ण संज्ञा नभई भाषिक व्यवस्थालाई स्पष्टसँग प्रस्तुत गर्न नसकिने भएकाले कात्यायनले वार्तिक ग्रन्थ थपेका हुन् । यसलाई व्यवस्थित गर्न पाणिनिको अष्टाध्यायीका आलोचक बन्दै उनको सूत्रमा परिवर्तन र संशोधन गर्ने काम गरे र अष्टाध्यायीलाई बुझ्न सजिलो बनाइदिएको पाइन्छ । जस्तै  यिनले कात्यान शिक्षाको रचना गरेको पाइन्छ । उनले यस शिक्षामा लोक व्यवहारबाट निर्धारित हुने  अर्थ नै मुख्य अर्थ हो भनेका छन् (चौलागाई, २०७९, पृ.५१) ।

## पतञ्जलिको भाषिक चिन्तन

कात्यायन पछि पणिनीय युगका व्याकरणमा पतञ्जलिको नाम आउँदछ । यिनको समय ई. पू दोस्रो शताब्दी मानिन्छ । यिनले अष्टाध्यायीका सूत्रको व्याख्या र विश्लेषणका लागि महाभाष्यको रचना गरेका मानिन्छ त्यसैले पतञ्जलिलाई भाष्यकार भनेर चिनिन्छ । पाणिनिको अष्टाध्यायी माथि कात्यानले उठाएका प्रश्नको जवाफ उनले दिएका छन् । उनले महाभाष्यको रचना गरेका हुन् । त्यसको शैली सरल सुबोध र सुस्पष्ट रहेको छ । अष्टाध्यायीको व्याख्यात्मक ग्रन्थको रूपमा रहेको महाभाष्यको संरचना पनि अष्टाध्यायीको जस्तै आठ अध्याय र प्रत्येक चार पाउ गरी ३२ पाउको संरचना रहेको छ । शिक्षण सिकाइको लागि सहज होस् भन्ने उद्देश्यले पतञ्जलिले महाभाष्यलाई आह्निकमा समेत विभाजन गरेका छन् । आह्निक शब्दको अर्थ एक दिनमा पढेर पूरा गर्न सकिने विषय हो । ८५ दिनमा महाभाष्यको अध्ययन गर्न सकिन्छ भन्ने उद्देश्यले  यसलाई पतञ्जलिले ८५ आह्निकमा वर्गीकरण गरेका थिए । पतञ्जलिले अष्टाध्यायीको १७०० सूत्रको व्याख्या गरेका छन् । पहिलो आह्निक सूत्रको व्याख्यात्मक सूत्रको अंशको रूपमा नरही प्रस्तावनाका रूपमा रहेकाले उत्तरवर्ती केही वैयाकरणले यसलाई प्रस्ताव वा भूमिकाको रूपमा लिएर महाभाष्यमा जम्मा ८४ आह्निक भएको उल्लेख गरेका छन् । वस्तुतः यसमा पनि व्याकरणको प्रयोजनका बारेमा सविस्तार वर्णन गरिएकाले यसलाई महाभाष्यकै अङ्ग मानेर महाभाष्यमा ८५ आह्निक भएको कुरा स्विकारीएको पाइन्छ । पतञ्जलिले महाभाष्यमा १७०० सूत्रको मात्र व्याख्या गर्नुको तात्पर्य पाणिनीका सूत्रबाट स्पष्ट पार्नु रहेको देखिन्छ ।

व्याकरण परम्परामा महाभाष्य लेखेपछि नयाँ युगको निर्माण भएको मानिन्छ । पतञ्जलिलाई पाणिनी व्याकरणमा पाणिनिपछिका उत्कृष्ट व्याख्याताका रूपमा लिने गरिन्छ । 'उत्तरोत्तर' 'मुनीना प्रमाण्यम' अर्थात पाणिनि, कात्यायन र पतञ्जलि यी तीन मुनिको मत बाझिएमा उत्तरवीं मुनिको मत प्रमाणिक हुन्छ भन्ने प्रसिद्धिका कारण पनि पाणिनि र कात्यायन मत फरक भएको ठाउँमा कात्यायनको मत प्रमाणिक मानिन्छ । पाणिनि, कात्यायन, पतञ्जलिको मत बाझिएमा पतञ्जलिको मत प्रमाणिक मानिन्छ ।

पतञ्जलिले अष्टाध्ययीका सूत्रमा रहेर अस्पष्टता निराकरण गर्ने क्रममा महाभाष्यको रचना गरेका कारण त्यसो भन्नु स्वाभावि पनि हो । यस भनाईका आधारमा त्रिमुनिका व्याकरण ग्रन्थमध्ये महाभाष्य सवैभन्दा बढी प्रमाणिक छ भन्ने स्पष्ट हुन्छ (चौलागाई, २०७९, पृ.५१) ।

पतञ्जलिले महाभाष्यको पहिलो आह्निकमा ५ ओटा मुख्य प्रयोजन र १३ अनुसाङ्गिक र गौण प्रयोजन गरी १८ प्रयोजनको उल्लेख गरेका छन् । पतञ्जलिका अनुसार रक्षा, ऊह, आगम, लघु, असन्देह व्याकरणका प्रमुख प्रयोजन हुन् । रक्षा भनेको ज्ञान राशीमा रूपमा रहेको वेदको रक्षा गर्नु हो । शब्दनिर्माणमा हुने लोप, आगम, वर्णपरिवर्तन आदि विषयका बारेमा जान्ने व्यक्तिले नै वेदका अर्थ बोध गरी सही व्याख्या गर्न सक्ने भएकाले यो कार्य व्याकरणको ज्ञानबाट मात्र हुन्छ भन्ने पतञ्जलिको मान्यता रहेको छ । त्यसैले वेदको रक्षा गर्नुलाई उनले व्याकरणको प्रमुख प्रयोजन मानेका छन् र वेदशास्त्रको रक्षाको लागि शब्दानुशासन वा व्याकरण पढ्नुपर्ने विचार व्यक्त गरेका छन् (चौलागाई, २०७९, पृ.५१) ।

ऊह भनेको सामान्य अर्थमा तर्कवितर्क गर्नु हो । यस सन्दर्भमा भाषाका सम्पूर्ण शब्दलाई लिङ्ग र विभक्तिको ज्ञानपूर्वक प्रयोग गर्न सक्नु हो । यो कार्य व्याकरणबाट मात्र हुन्छ भन्ने पतञ्जलिको मान्यता रहेको छ । उनका अनुसार वेदमा सबै देवताका लागि लिङ्ग र विभक्ति निर्देश गरिएका मन्त्र भेटिदैनन् । त्यसैले वेदमा उल्लेख नगरिएका देवतावाचक शब्दको लिङ्ग र विभक्तिको ज्ञान  गर्नुपर्ने र यो कार्य व्याकरणबाट हुने भएकाले ऊह अर्थात सम्पूर्ण शब्दको लिङ्ग र विभक्ति सही गराउनु पनि व्याकरणको प्रयोजन हो (चौलागाई, २०७९, पृ.५१) ।

## उत्तरपाणिनि युग

लौकिक संस्कृतको परम्परामा त्रिमुनि पछिको युगलाई उत्तरपाणिनि युग भनिन्छ । त्रिमुनि युग पछि पाणिनि सम्प्रदायमा महत्त्वपूर्ण कार्य भएका  थिए । यो समयमा पनि त्रिमुनि परम्परालाई जीवित राख्न धेरै विद्वान्हरूले योगदान दिएका थिए । त्यो समयमा भर्तृहरि, कैयट, र नागेशजस्ता चिन्तकहरू र जयादित्य, वामन तथा भट्टोदिक्षित जस्ता वृतिकार र व्याख्याताहरूको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको देखिन्छ (बन्धु, २०७०, पृ.११) । अष्टाध्यायी, वार्तिक, महाभाष्य, लगायतका रचनाकै आधारमा रहेर उत्तर पाणिनि युगको विकास भएको देखिन्छ । यसमा थप व्याख्या, विवेचना गरेर विभिन्न विद्वान्हरूले पाणिनिको व्याकरण परम्परालाई समृद्ध बनाई जीवित तुल्याउने काम गरेका थिए । यस समयमा पाणिनिको अष्टाध्यायी, पतञ्जलिको महाभाष्य जस्ता कृतिहरूको व्याख्याका निम्ति टीका वृति,कौमुदी जस्ता प्रक्रियापरक तथा दार्शनिक ग्रन्थहरूको रचना भएको देखिन्छ । यस्ता ग्रन्थहरूको रचना गर्ने विद्वान्हरूमा  भर्तृहरि,कैयट, नागेश, जयादित्य वामन, भट्टजिदिक्षित आदि रहेका छन् ।

ई.पू. २५० तिर वैयाकरण भर्तृहरिले हाँस्यपदीय र महाभाष्यदीपिका गरी दुई कृतिको रचना गरेका थिए । उनका अनुसार ‘शब्द’ जस्तै ‘वाक्य’ पनि एक भाषिक प्रतीक हो, यसमा पनि वाच्य र वाचकका अन्तरङ्ग एवम् अविच्छिन्न सम्बन्ध रहन्छ र भाषा प्रतीकको दुवै अमूर्त र सामान्यकृत हुन्छ (श्रीवास्तव, २०१०) । यसै गरी सातौँ शताब्दीमा जयादित्य र वामनले कृतिसुर नामक कृतिको रचना गरी पाणिनिको सूत्रको व्याख्या गरेका थिए । पाणिनिको उत्तरवर्ती चरणमा विभिन्न रचनाको विकसित भएको पाइन्छ । त्यो समयमा पाली, प्राकृत र अपभ्रंश भाषाहरूमा व्याकरण ग्रन्थहरू रचना भएको देखिन्छ । नेपाली व्याकरण परम्परा पनि संस्कृत व्याकरण परम्पराबाट नै प्रभावित भएको देखिन्छ ।

यसरी पाणिनिको उदयसँगै लौकिक संस्कृतको विकास भएकोले त्यो बेलादेखि नै लौकिक संस्कृतमा भाषिक चिन्तनको सुरू भएको देखिन्छ ।

## निष्कर्ष

मानव सभ्यताको विकासका दृष्टिले हेर्ने हो भने भाषिक चिन्तनको परम्परा भने ढिलो सुरू भएको पाइन्छ। पूर्वीय भाषिक परम्परा हेर्दा त्यस समयको नेतृत्त्व प्राचीन ऋषिमुनिहरूले नै गरेको पाइन्छ। वैदिक संहिता, बाह्मण ग्रन्थ, आरण्यक, प्रातिख्याय, शिक्षा आदिलाई परम्परागत भाषिक सामग्री मानिन्छ। यस्ता ग्रन्थहरू बढी उच्चारणसँग सम्बन्धित रहेको पाइन्छन्। निरुक्त र निघण्टु आदि त्यसबेलाका कोशीय ग्रन्थकारूपमा चिनिन्छन्। यस परम्परामा भाषिक संरचना अर्थात व्याकरणमा बढी केन्द्रित भई भाषिक चिन्तनको सुरू भएको पाइन्छ। पाणिनिको अष्टायध्यायी लौकिक भाषिक चिन्तनको सबै भन्दा प्रसिद्ध रचना मानिन्छ। यस ग्रन्थमा वार्तिक र महाभाष्यहरू लेखिएका छन्। यिनकै आधारमा उत्तर पाणिनि युगमा विभिन्न व्याकरणहरूको रचना भएको पाइन्छ। पाणिनि युग र उत्तर पाणिनि युगमा विकसित भएका भाषिक चिन्तनको प्रभाव प्राकृत भाषामा समेत परेको देखिन्छ। पूर्वमा संस्कृत भाषा तथा पश्चिममा ल्याटिन, ग्रीक जस्ता भाषामा गरिएको भाषिक चिन्तनले आधुनिक भाषा विज्ञान र व्याकरणको क्षेत्रमा फराकिलो दायरा बनाएको पाइन्छ।

## संन्दर्भ सूची


आचार्य, व्रतराज (२०७२), *पूर्वीय र पाश्चात्य भाषिक चिन्तन, काठमाडौँ* : रत्न पुस्तक भण्डार।

आचार्य, किरण (२०७७), *ऋषिकात्यायनको एक चर्चा,* नेपालगञ्ज : सुनपानी पत्रिका।

चौलागाई प्रेमप्रसाद (२०७९), *भाषविज्ञानको परम्परा र पद्धति,* काठमाडौँ: ओरिएन्टल पब्लिकेशन आउ प्रा.लि.।

न्यौपाने, टंकप्रसाद र दीपक पराजुली (२०६९), *पूर्वीय भाषिक चिन्तन परम्परा,* काठमाडौँ : कन्काई एजुकेसनल पब्लिकेशन।

बस्तोला, हेमराज (२०७६, बैसाख), *भाषिक चिन्तनमा ग्राइसको संवाद सहयोग सिद्धान्त,* काठमाडौँ : शिलापत्र पत्रिका

बन्धु, चूडामणि (२०७०), *भाषाविज्ञानका सम्प्रदाय,* काठमाडौँ : एकता बुक्स।

भुसाल, केशव (२०७०),*सामान्य भाषा विज्ञान,*काठमाडौँ : पाठशाला पब्लिकेसन पुतलीसडक।

रिसाल, कौशिला (२०७०), *वैदिक तथा लौकिक संस्कृतमा भाषिक चिन्तन र पाणिनि युग,* हाँक विक्ली, वर्ष ३० अंक २५, काठमाडौँ : हाँक विक्ली।

शर्मा, गोपीनाथ (२०६३), *संस्कृत साहित्यको रूपरेखा,* काठमाडौँ : अभिनव प्रकाशन।

श्रेष्ठ, दयाराम र अन्य (२०६५), *संस्कृत साहित्यको इतिहास,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

श्रीवास्तव, रविन्द्रनाथ (२०१०),*साहित्यका भाषिक चिन्तन,* नयाँ दिल्ली: राजकमल प्रकाशन प्रा.लि.।

Frawley, D. (1992). Wisdom of the ancient seers: Mantras of the rig veda. Salt Lake City: Passage Press. Website: https:\\www.pdfdrive.com (Accessed 18 September 2020)